## १.परिचय :

राज्य भित्र नागरिक, जनप्रतिनिधि र कर्मचारी संयन्त्र रहेको हुन्छ । जनप्रतिनिधिहरुले कानून बनाउने तथा आवश्यक निर्णयहरु लिने कार्य गर्दछन् । सेवा पाउनु नागरिकको अधिकारको विषय हो भने सेवाहरु प्रभावकारी तवरले प्रवाह गर्नु कर्मचारीको दायित्व हो । सेवाको वरिपरि जनता घुम्ने हैन, सेवा जनताको वरिपरि घुम्नु पर्दछ । सरकारी तथा अन्य संघसंस्थाले प्रवाह गरेका सेवा तथा स्थानीय विकास निर्माण सम्वन्धमा स्थानीय नागरिकहरुले कसरी लिइ रहेका छन् ? उनीहरुको गुनासो तथा प्रतिक्रिया के छ ? सेवा प्रवाहको सम्वन्धमा उनीहरुलाई परेको समस्या तथा जिज्ञासा के छ ? भनेर जनताको राय बुझ्ने तथा प्राप्त प्रतिक्रियाको आधारमा आगामी दिनमा कमी कमजोरीहरुलाई सच्याउँदै प्रभावकारी तवरले सेवा प्रवाह गर्ने सार्वजनिक सुनुवाईको मुख्य उद्धेश्य हो । यसै क्रममा यसै क्रममा जिल्ला विकास समिति लमजुङको आयोजनामा जिल्लाको उत्तरी क्षेत्र भुलभुले,खुदी,सिम्पानी,घनपोखरा र बाहुनडाँडा गाविसका नागरिकहरुलाई लक्षित गरी भुलभुले गाविसको हल भुलभुले वडा नं ३ भुलभुलेबजारमा मिति २०७२ कार्तिक १८ गते सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमक सम्पन्न भए पश्चात यो प्रतिवेदन तयार गरिएको छ ।

## २.उद्देश्यहरु :

सार्वजनिक सुनुवाई कार्यक्रकम आयोजना गर्नुका उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएको थियो :

- सरकारी कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, साधनश्रोत, योजना एवम् कार्यक्रम जस्ता सार्वजनिक चासोका विषयबारे सरोकारवाला एवं सेवाग्राहीलाई  जानकारी गराउने ।
- सार्वजनिक चासोका विषयमा नीति निर्माण, योजना/बजेट तर्जुमा, निर्णय गर्दा जनताको व्यापक सहभागिता प्रबर्द्धन गर्दै लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीका पीरमर्का, गुनासोहरु पहिचान गरी समन्वयात्मक रुपमा उक्त गुनासाहरुको उचित व्यवस्थापन गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीका माग, पीरमर्का, गुनासाहरु के कति समाधान हुन सके र के कति कहाँबाट कसरी हुन सक्ने हो विकल्पसहितको उपाय खोजी गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीबाट सुझावहरु लिई सोका आधारमा सरकारी कार्यालयहरुमा उपयुक्त कार्यप्रणली र ढाँचा विकास गर्ने ।
- सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शी बनाउँदै सुशासनमा सहयोग पुऱ्याउने ।
- सेवा प्रदायक र सेवाग्राही विच रहेको सम्वन्धालाई अझ नजिक बनाउने ।
- उपभोक्ता समिति लगायतका संघसंस्थाले जिम्मेवारी लिई स्थानीय तहमा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुऱ्याउने ।

## ३.कार्यक्रम सञ्चालन मिति, स्थान र समय :

उक्त सार्वजनिक सुनुवाई कार्यक्रम मिति मिति २०७२ कार्तिक १८ गतेका दिन जिल्लाको उत्तरी क्षेत्र भुलभुले,खुदी,सिम्पानी,घनपोखरा र बाहुनडाँडा गाविसका सेवाग्राहीहरुलाई लक्षित गरी भुलभुले गाविसको वडा नं ३ को भुलभुले बजारमा अवस्थित गाविसको हलमा कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम दिउसो १२.४५ बजेदेखि साँझ ६.१५ बजेसम्म अर्थात ५ घण्टा ३० मिनेट सञ्चालन भएको थियो ।

## ४.कार्यक्रमका सहभागीहरु :

कार्यक्रममा तपशिल बमोजिमका व्यक्तिहरुको सहभागीता थियो ।

- प्रमुख जिल्ला अधिकारी,स्थानीय विकास अधिकारी, प्रहरी नायव उपरीक्षक तथा प्रमुख अनुसन्धान अधिकृत
- नेपाली कांग्रेस, नेकपा एमाले, एनेकपा माओवादी, नेकपा माओवादीका जिल्ला प्रमुख तथा प्रतिनिधिहरु

- जिल्ला शिक्षा अधिकारी, जिल्ला वन अधिकृत, पशु विकास अधिकृत, कृषि प्रसार अधिकृत, प्रमुख जिल्ला इन्जिनियर, निमित्त महिला विकास अधिकृत
- सवै राजनीतिक दलका गाविसतहका प्रमुख तथा प्रतिनिधिहरु
- वडा नागरिक मञ्चका संयोजक तथा सदस्यहरु
- आमा समुह,युवा क्लव तथा स्थानीय संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु
- स्थानीय विद्यालयका शिक्षक, बुद्धिजीवी तथा समाजसेवीहरु
- अन्य कर्मचारीहरु
- जम्मा : ८३ जना । जसमध्ये ६ जना महिला तथा २ जना दलितको सहभागिता रहेको थियो । सहभागीहरुको उपस्थिति अनुसूची १ मा राखिएको छ ।

**५.कार्यक्रम व्यवस्थापन,सञ्चालन र समापन**

कार्यक्रम दिनको १२.४५ बजे शुरु भएको थियो । कार्यक्रमको अध्यक्षता भुलभुले गाविस सचिव श्री ज्ञानेन्द्र ढकालले गर्नुभएको थियो भने सहजीकरण जिल्ला विकास समिति लमजुङका जिल्ला शासन विज्ञ श्री लोमश अधिकारीले गर्नु भएको थियो । कार्यक्रम स्थल भुलभुले गाविसको सभाहलमा आवश्यक फर्निचरहरुको व्यवस्था भएको थियो । कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै जिविसका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलले उपस्थित सवै सहभागीहरुलाई स्वागत गर्नु भएको थियो ।

कार्यक्रमको उद्देश्यबारे जानकारी गराएपछि स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको कार्यक्रम सञ्चालन गर्ने सेवा प्रदायक संस्था पास नेपाल लमजुङका अध्यक्ष श्री प्रेम प्रसाद पोखरेलले जिल्ला विकास समिति, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला वन कार्यालय र महिला तथा बालबालिका कार्यालयमा लिइएको वहिर्गमन अभिमतको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सो प्रतिवेदन अनुसुची २ मा राखिएको छ । तत् पश्चात कार्यक्रम सहजीकरण गर्ने लोमश अधिकारीले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको समयमा सहभागीहरुले पालना आचार संहिताबारे अवगत गराउनु भएको थियो ।

त्यसपछि सहभागी सेवाग्राहीहरुबाट सेवा प्रदायक कार्यालयहरुले प्रवाह गरेका सेवा तथा स्थानीय विकास निर्माणको सन्दर्भमा जिज्ञासा, गुनासो, सुझाव र प्रतिक्रिया राख्ने कार्य भएको थियो । सो कार्यको लागि साउण्ड सिष्टमको पनि व्यवस्था भएको थियो । सो कार्यक्रममा कुल १६ जना सेवाग्राहीहरुले जिज्ञासा, प्रश्न, गुनासो तथा सुझाव राखेका थिए । जिविसको तर्फबाट सवै सहभागीहरुलाई खाजाको प्रवन्ध गरिएको थियो । सेवाग्राहीहरुले राखेका गुनासो, सुझाव तथा प्रतिक्रियाहरुलाई अनुसूची ३ मा प्रस्तुत गरिएको छ । सेवाग्राहीहरुबाट प्रतिक्रिया लिइसकेपछि सेवा प्रदायक कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधिहरुले जिज्ञासाहरुलाई क्रमशः प्रष्ट पार्ने तथा जवाफ दिने कार्य भएको थियो भने विगतका कमी कमजोरीहरुलाई सुधार गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए । कार्यालयहरुले व्यक्त गरेका प्रतिवद्धताहरुलाई अनुसूची ४ मा उल्लेख गरिएको छ । कार्यक्रमको अन्तमा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले मन्तव्य राख्नु भएको थियो । सो मन्तव्यलाई अनुसूची ५ मा उल्लेख गरिएको छ । कार्यक्रमको अध्यक्षता गर्ने भुलभुले गाविसका सचिवबाट कार्यक्रम साँझ ६.१५ बजे समापन भएको थियो ।

**समाप्त**

***अनुसूचीहरु :***

१. कार्यक्रमका सहभागीहरुको उपस्थिति
२. बहिर्गमन अभिमतको प्रतिवेदन
३. सेवाग्राहीहरुका जिज्ञासा, प्रश्न तथा सुझावहरु
४. कार्यालयहरुबाट व्यक्त भएका प्रतिवद्धताहरु
५. कार्यक्रमका झलकहरु

# अनुसूची २
# श्री जनजागरण तथा सामाजिक सेवा केन्द्र नेपाल (पास नेपाल) बाट गरिएको वहिर्गमनम अभिमतको प्रतिवेदन

**पृष्ठभूमी :**

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालयद्धारा स्थानीय निकायमा सामाजिक जवाफदेहिता अभिवृद्धि एवम् सुशासनको प्रत्याभूति नागरिकलाई गराउनको लागि जिल्ला स्थित नागरिक समाजका संस्थाहरुबाट अनुगमन गरी मन्त्रालयले निर्माण गरेको ऐन, नियम, निर्देशिका तथा कार्यविधि अनुरुप क्रियाकलापहरु सन्चालन एवम् कार्यान्वय भए नभएको सत्य तथ्य पत्ता ल गाई हुन नसकेको अवस्थामा स्थानीय निकाय र नागरिक समाजका संस्थाहरुवीच छलफल गरी परिस्थिति जन्य अवस्थाको पहिचान गरी ती विषयहरुमा सुधारका लागि आवश्यक ठानी कार्य योजना निर्माण गरी पहल गर्नका लागि स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालनाको अनुगमन थालिएको हो ।

स्थानीय निकायको अनुगमन गर्ने छुट्टाछुट्टै ६१ वटा सुचकहरु तयार गरी यीनै सुचकहरुको आधारमा अनुगमन गर्न निर्देश गरिएको छ । ती सुचकहरुको आधारमा ऐन तथा कार्यविधिमा भएको व्यवस्था र स्थानीय निकायले व्यवहारमा गर्ने गरेको क्रियाकलापहरुको आधारमा फरक पत्ता लगाई सम्बन्धित स्थानीय निकायसँग पाइएका फरकहरुमा छलफछ गरी कार्यविधि अनुरुप नै क्रियाकलाप सञ्चालन गर्ने प्रतिवद्धता सहितको कार्ययोजना निर्माण गर्न लगाई कार्ययोजना र प्रतिवद्धता पालना भए नभएको अनुगमनमा निरन्तरताको सहजीकरण गरिन्छ ।

सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नका लागि स्थानीय निकायले चौमासिक रुपमा सञ्चालन गर्नु पर्ने सार्वजनीक सुनुवाई, आयोजना सम्पन्न भएपछि आयोजनापिच्छे कार्यान्वयन गर्ने निकायले आयोजना स्थलमा नै गर्नु पर्ने सार्वजनीक परिक्षण तथा वार्षिकरुपमा सञ्चालन गर्नु पर्ने सामाजिक परिक्षण ऐन तथा कार्यविधिले निर्दिष्ट गरे अनुरुप भए नभएको अनुगमन गरी कार्यविधि अनुसार क्रियाकलापहरु कार्यान्वयनमा स्थानीय निकायलाई सहयोग गर्न नागरिक समाजका संस्थाहरु निरन्तर कटिबद्ध छन् । स्थानीय निकायमा नागरिक वडापत्रको व्यवस्था, सूचना पाटी,गुनासो व्यवस्थापन आदि जवाफदेहिता सम्बन्धित अन्य संयन्त्रको व्यवस्थाको अनुगमन गरी स्थानीय निकायलाई आवश्यक सहयोग गर्ने तर्फ नागरिक समाज लागि परेको छ । जि.वि.स. एवम् गाविस स्तरमा सार्वजनीक सुनुवाई कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित निकाय आयोजक रहेने छ भने नागरिक समाजका संस्थाहरु केवल विषयगत सर्तहरुमा उल्लेखित विधिहरु पुरा गरी कार्यक्रम सञ्चालनमा सहजिकरणको भूमिका मात्र निर्वाह गर्न सक्षम रहने छ ।

यसै सिलसिलामा जि.वि.स.लमजुङले आ.व २०७२/०७३ को प्रथम चौमासिकमा भुलभुले गाविसमा आयोजना गरेको सार्वजनीक सुनुवाई कार्यक्रममा सहजीकरण गर्नुका साथै वहिरगमन अभिमपत्र र नागरिक सन्तुष्टी अभिमत पत्रको आधारमा सार्वजनीक सुनुवाईमा अभिमत पत्रद्धारा उठेका सवालहरु र स्थलगत रुपमा उठेका सवालहरुमा प्रतिवद्धता जाहेर गरिएकाले यसै पत्रद्धारा सवालहरु, प्रतिवद्धताहरु र पुरा गर्ने समयावधी समेत लिपिवद्ध गरी पेश गरिएको छ । जि.वि.स. लमजुङले आव्हान गरेको सार्वजनीक सुनुवाईमा जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला खानेपानी कार्यालयको संलग्नता नभएको समेत जानकारी गराइन्छ ।

# नागरिक अभिमत पत्र

**क. जिल्ला विकास समितिको कार्यालय  लमजुङ :**

१. २०७१/०८/२७ गते सम्मको लागि आव्हान गरिएको DRILP को तार्कुघाट – प्यारजुङ खण्डको मोटर बाटो ग्ग्रावलीङका लागि टेण्डर फारम ठेकदारसंग मिलेमतो गरी स्थानीय विकास अधिकारी विष्णु शर्माले धाँधली गरी केहि रकम लिने काम गरेको र जिल्ला प्राविधिक कार्यालय प्रमुख खगेन्द्र दाहाल पनि संलग्न भएको देखियो । त्यो टेण्डर फाइललाई स्वीकृत गर्नको  लागि भरमौजुर प्रयास  गरियो । ADB ले धाधली भएको प्रमाण फेलापारी टेण्डर रद्ध गर्यो  र त्यो कार्यको लागि पुन टेण्डर २०७१ चैत्र तीर खुल्यो र पछि स्वीकृत भयो । त्यस्तो कामले गर्दा लमजुङ क्षेत्र नम्बर १ को विकास प्रकृया एक बर्ष पछि धकलीयो । सम्बन्धित व्यक्तिहरुलाई कावाही कसले गर्ने ?

२. विकास निमार्ण कार्य र योजनाहरु राजनीतिक व्यक्तित्वहरुको पहुँचको आधारमा दिने प्रथा विद्यामान छ । गरिब विपन्नको दिन  कहिले आउला ?

३. विकास निमार्णको भुक्तनी लिन आउदा कर्मचारीहरुबाट आलेटाले गरी दुख दिने प्रथा कायमै छ ।

४. कार्यालय प्रमुख नभएको दिनमा जि.वि.स.भित्र कुर्सी मात्रै देखियो । कर्मचारी कता हो  थाहा नपाएर यसै घर फर्किएको छु ।

५. योजनाको अन्तिम भुक्तानी लिदा भेटी नचढाकन रकम पाइदैन ।  दारुपानी, माछा, मासु त भनी साध्यै छैन  । यो सबैले बुझेका छन तर राजनीतिक दल पनि टुलुटुलु हेरेर किन बसेका होलान् ?

६. निर्वाचित जनप्रतिनिधि नभएको बेला स्वार्थ सिद्व गर्न कर्मचारी लागेको देखिन्छ । पारदर्शीताको अनुभूति कहिले गर्न पाईएला ?

७. न्युनतम सर्तमापन तथा कार्यसम्पादन मूल्याङन MCPM मा लमजुङ  फेल भयो । लमजुङ जिल्लाको मोटो रकम खेर गयो । MCPM फेल हुनुमा स्थानीय विकास अधिकारी मात्रै दोषि होइनन् । फाटवालाले आफ्नो जिम्मेवारी पुरा गरेनन् । त्यस्ता कर्मचारीको व्यक्तिगत कार्यसम्पादन मूल्याङनको विवरणमा सोच पुचाए आगामी वर्षहरुमा सम्बन्धित कर्मचारी सर्तक हुन्थे कि ?

८. जि.वि.स.मा आउने लक्षित वर्गको रकमको प्रयोजन गाविसमा भन्दा कम प्रभावकारी देखिन्छ । किन यस्तो हुन्छ ?

९. ठूला वडा लिएर नआए वा फोन नगरी दिए एक दिनको काम २/३ दिन लाग्छ । उपभोक्ताहरुको दिन कहिले आउँने ?

१०. नागरिकहरुलाई देख्ने वितिकै दुःख दिन आएको जस्तो व्यवहार गर्ने र काम गर्न भन्दा असजिलो कसरी पार्ने तर्फ लागेर टार्ने गरेको तितो अनुभव  छ । यसको निरमकरण के होला  ।

**ख. पशु सेवा कार्यालय लमजुङ**

१. २०७२/०७/१५ गते दिउसो करीव २.३० बजे पास नेपालका कर्मचारी पशु सेवा कार्यालय पुग्दा त्यहाँको दृश्य कर्मचारीवीच हात हाला हालको स्थिति थियो । लेखापाल र अन्य तल्लो तहको कर्मचारीहरुवीच भनाभन भई रहेको थियो, पछि बुझ्दै जादाँ कार्यालय प्रमुख र लेखा प्रमुखको मिलिमतोमा आर्थिक रकम हिनामिना गर्नुका साथै लेखा प्रमुखले एकलौटी रुपमा घाँसको विउ तथा अन्य पशु औषधी खरिद गर्ने गरेको र ३५/४० रुपैया किलो पर्ने घाँसको विउ खरीद गर्दा ७५/८० रुपैया देखाएको  र गाउँमा घाँसको विउ लिन जाँदा एकै पटकमा गाडीमा ल्याउन सकिने भए  पनि TADA खानलाई २० किलो २५ किलो ल्याउने गरेको कर्मचारीको आरोप कर्मचारीले नै लगाएका पाइयो । कार्यालय प्रमुखको दायित्व यस्तै हुने हो र ?

२.किसानको लागि आएको अनुदान रकम जस्तै बाखा पालन,कुखुरा पालन,गाई पालन  र भैसी पालनको लागि आएको रकम प्रकिया पुरा गरी लिन खोज्दा पनि कर्मचारीलाई ५% रकम नबुझाएसम्म उक्त अनुदान रकम नपाईने गरेको । यसको अन्त्य कसरी होला ?

३.किसानको लागि आवश्यक पर्ने पशु औषधी विउहरु समयमा नपाउदा किसानहरु मर्कामा परेको र पहुँचको आधारमा घाँसको विउ वितरण गर्ने प्रथा अन्त्य कहिले होला ।
४. अनुदान रकम वितरणमा वास्तवीक किसानले नपाएर पहुँचवाला जो अनुदान रकमको लागि किसान भएको छ वा कागजी रुपमा मात्र किसान भएको देखाएर अनुदान रकम दिने गरेको र पशु सेवा कार्यालयले पनि विना कुनै अनुगमन वास्तवीक किसान होकि होइन भनी सोध खोज नगरी कागजी प्रकियाबाट मात्रै अनुदान रकम दिने गरेको । सर्वसाधरणको पालो कहिले आउला ?
५. पशु सेवा कार्यालयले सार्वजनीक सुनुवाई, सार्वजनीक परिक्षण, सामाजिक परिक्षण गरे नगरेको सेवाग्राहीले थाँहा नपाएको जानकारी दिए ।
६. जिल्ला पशु सेवा कार्यालयले प्रमुख र लेखापालको मिलिमोतोमा किसानहरुको अनुदान रकम सिधै किसानसँग बार्गिनिङ गर्ने र खाने गरेको कन्सलटेन्सीको नाममा भएको लाखौ रकम खाने गरेको, असार महिना भित्र दिने घाँसको विउ विरुवा अहिलेसम्म नदिएको । कृषकहरु सेवा लिन आउदा कर्मचारीको व्यवहारबाट निरुत्साहित बन्ने गरेका । यसको समाधान कसले गर्ने हो ?

**ग. जिल्ला कृषि विकास कार्यालय लमजुङ**

**१.**२०७२ साल कार्तिक १५ र १६ गते जिल्ला कृषि विकास कार्यालयमा सेवा लिने आएका सेवाग्राहीले पाउनु पर्ने सेवा सुविधा के कस्तो पाउनु पर्ने भनी जीज्ञासाबाट कृषकहरुलाई विउ विजन सयममा उ पलब्ध गराउन नसकेको र समयमै विउ उपलब्ध भए वेलामै कृषकहरुले कृषि व्यवसाय सफल हुने कुरा ढुक्कछ तर कार्यालयले समयमै विउ विजन उपलब्ध गर्न नसक्दा मर्कामा छन । यो समस्या कहिले समधान होला ।
२.कृषकले कृषि विकास कार्यालय बाट पाउनु पर्नै विउ विजनको अनुदान रकम आफ्ना आसेपासेलाई प्राथमिकतामा राखेरको र वास्तविक किसान किन पहिचान गर्न नसकेको होला ?
३. विउ विजन र किटनाशक औषधी आंशीक रुपमा प्राप्त भएको तर जिल्ला कृषि कार्यालयले सम्पूर्ण जिल्लाको लागि पुग्ने गरी उपलब्ध र वितरण कार्य नगरेको कारण के ?
४. कर्मचारीको व्यवहार प्रति सेवाग्राही असन्तुष्ट किन भएका होलान ?

**घ.जिल्ला शिक्षा कार्यालय लमजुङ**

१. विद्यालयमा दरवन्दी वितरण गर्दा पहुँचको आधारमा नभई विद्यालयको आवश्यकतालाई मध्य नजर गर्नु पर्ने कुराको विकास कहिले होला ?
२. सेवाग्राहीको वास्तविक समस्या नबुझि सेवा प्रदायकले एकोहोरो बुझाइमा धम्काउने र हप्काउने गरेको कारण प्राज्ञिकहरु निरुत्साहित बनेको तीतो सत्य पाइयो । यसको समाधान के होला ?
३.कर्मचारीहरु नियमित कार्यालयमा नआउदा सेवाग्राही मर्कामा परेका र एउटा कामको लागि पटक पटक धाउनु पर्ने बाध्यता छ । यसको अन्त्य कहिले ?
४.सेवा प्रदायक कार्यालयले समयमै तलव भत्ता वितरण गर्ने परिपाटीको विकास किन नभएको होला ?
५. सेवाग्राहीले मागेको सहि सूचना /तथ्याङक /जानकारी ठिकसँग नपाएको गुनासो ।
६. विद्यालयमा शिक्षकहरुको अभाव छ तर जि.शि.का.मा रहेका दरवन्दी दिन किन डिला सुस्ती

**ङ जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङ**

१. सेवाग्राही सेवा लिन जादा उपल्लो तहको कर्मचारी र तल्लो तहको कर्मचारीबीच मतमतान्तरणको कारण सेवाग्राही निरास भएका । यसको अन्त्य कहिले होला ?
२. तल्लो तहको कर्मचारीलाई उचित पारीश्रमिक समेत नदिने चलनको अन्त्य कहिले होला ?
३ गरिव विपन्न वर्गको कुरा नसुन्ने, पक्षपातपूर्ण व्यवहार र पहुँचको भरमा काम गर्ने प्रथा कायमै रहेको पाइयो गरिव तथा विपन्न वर्गको उत्थान कहिले हुने हो ?

**च.महिला तथा बालबालिका कार्यालय लमजुङ**

१. विकट गाउहरुमा महिला हिम्सा सम्बन्धि कुनै कार्यक्रम नपुगेको तर महिला हिम्सा विकट गाउमा नै बढी हुने गरेको । नगरपालिका तथा बजार क्षेत्रमा -याली तथा भेला गरी महिला हिम्सा सम्बन्धि काम गर्‍यौ भन्ने गरेको विकट गाउँहरुमा कार्यक्रम कहिले जाला ?

२. अन्यायमा परेका महिलाहरुको पहिचान गरी उनीहरुको वास्तविक समस्या समधान गर्न तर्फ कार्यालय सकृय नदेखिएको गुनासो ?

३.सेवा सुविधा सेवा प्रदायकले किन हिच्किचाउने र ढिलासुस्ती गर्ने होला ?

४ बालबालिकाको लागि बनाइएको कार्य योजना सहिरुपमा कार्यान्वयन हुन नसकेको गुनासो ।

५.विकट गाउँहरुमा महिला तथा बालबालिकाको यर्थाथ स्थिति पत्ता लगाउन कर्मचारीको व्यवस्था गर्न किन नसकिएको होला ?

जिल्ला वन कार्यालय लमजुङ

१. लमजुङ जिल्ला वनै वनले ढाकिएको छ । काहिकतै विरुवा रोप्नुपर्ने पनि छ तर वर्षेनी लगाएका विरुवाको संख्या देखिन्छ । कति विरुवा बचे भन्ने तथ्याङक वन कार्यालयसँग छ ?

२. जडिबुटीको ओसार पसार रातारात हुन्छ तर वन कार्यालय कानमा तेल हालेर किन बसेको होला ?

**अनुसुची ३ :**

**जिविस लमजुङले मिति २०७२ कार्तिक १८ गते भुलभुले ३ भुलभुलेबजारमा आयोजना गरेको सार्वजनिक सुनुवाईमा सेवाग्राहीहरुले राखेका जिज्ञासा,गुनासो, प्रश्न,सुझाव तथा प्रतिक्रियाहरु**

**१.श्री तोप बहादुर थापा,खुदी १, संयोजक वडा नागरिक मञ्च**

- विनाशकारी भूकम्प गएको पनि ६ महिना कटिसक्यो । क्षतिको अनुगमन पटक पटक गरियो, प्रतिवेदन पनि प्राप्त भएकै होला । तर अझै वास्तविक भूकम्प पीडितले राहात पाउन सकेनन् । बाँडिएका त्रिपालहरु पनि फरक फरक गुणस्तरका हुँदा केही त्रिपाल त बिस्कुन सुकाउने भए । कसरी वितरण गरिएको हो ? पीडितहरुले कहिले सम्म कसरी राहात पाउँछन् ? स्पष्ट पारिदिनु पर्‍यो ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि गाविसहरुको बजेट किन काटियो ? जिविसले किन काट्न भन्यो ?

**२.श्री धनसिंह तामाङ, भुलभुले ३**

- योजना सञ्चालन जहिले पनि ढिलो भैराख्याछ । काम जहिले पनि हतार हतारमा हुन्छ । उपभोक्ता समितिको कार्यहरु राम्रो हुँदैन । उपभोक्ता समितिलाई समयमै काम गर्ने वातावरण बनाइदिनु पर्‍यो । योजनाहरु कसरी प्रभावकारी बनाउने हो ? योजनाहरु प्रभावकारी नै हुन सकेनन् ।
- बेसीशहर चामे सडक जीर्ण भएको छ । न त मर्मतसम्भार हुन सकेको छ न त स्तरोन्नति नै । यो सडक मर्मत तथा स्तरोन्नति हुनु पर्‍यो ।

**३.श्री दयासागर घिमिरे,सिम्पानी ९**

- जिल्ला मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालयमा सेवाग्राही जनताहरु लेखनदासबाट ठगिएका छन् । लेखनदासहरुले मनपरी ढंगले रकम असुल्छन् । लेखनदासको लागि काम हेरी दाम किटानी गरियोस् । जनतालाई ठगिनबाट जोगाउनु पर्‍यो ।
- सरकारी अफिसहरुमा जाँदा कर्मचारीहरुले हाकिमे पारा देखाउँछन् । कर्मचारीहरु लोकतान्त्रिकरण हुन अझै बाँकी रहेको हो कि जस्तो लाग्छ ।
- राजनीतिक दलका नेताज्यूहरुले आफ्ना कार्यकर्ताहरुलाई १।२ वर्षसम्म कार्यालयमा सहयोग गर्न पठाउनु पर्‍यो ।

- भूकम्प पीडितको सन्दर्भमा राहातको गुनासो चर्को छ । वास्तविक पीडितले राहात पाउन सकेका छैनन् । वास्ताविक पीडितले राहात पाउनु पऱ्यो । गैर पीडितले पाउनु भएन ।
- आर्थिक वर्ष बैशाख १ गतेबाट शुरु गर्दा राम्रो हुने थियो ।
- गाविसहरुमा राखिएका प्राविधिकहरु न त गाविसमा बसेका छन् । न त भनेको बेला सेवा पाउन सकिएको छ । तलब भने खाएकै छन् । प्राविधिकहरुलाई सही हिसावले परिचालन गर्नु पऱ्यो ।

**४.श्री इन्द्रप्रसाद तामाङ, भुलभुले ९**

- बैशाख १२ गतेको भूकम्पले भुलभुले गाविस वडा नं ९ मा ५६ घर पूर्ण क्षति भएको छ । जनता अझै पालमुनि बसेका छन् । जनताले घर कसरी बनाउने हो ? आस गरेर बसेका छन् । छिट्टै नै जवाफ पाए हुने थियो ।
- यस सिजनको कोदो किराले खायो । लिन आउँदा पनि दवै (औषधी) पाइएन । के गर्ने हो ?

**५.श्री पूर्ण बहादुर घले, भुलभुले २**

- मैले २०३६ सालमा नागरिकता लिएको हुँ । त्यतिबेला वडा नं २ थियो । अहिले वडा नं ३ भयो । नागरिकता सच्याउन के गर्नु पर्ने हो ?

**६.श्री बाबुराम भण्डारी, सिम्पानी ८**

- कृषि अनुदानमा आएको रकमबाट भएको कामको अनुगमन फितलो भएको छ ।
- भूगोल र माटो सुहाउँदो कृषि बालीको व्यवस्था गरिदिनु पऱ्यो ।
- जडीबुटी संकलनको व्यवस्था होस् । पहिरो र तटबन्धको व्यवस्था गरिदिन पाए हुथ्यो ।
- जिविस र गाविसको योजना प्रभावकारी बनाउन समयमै प्राविधिक खटाएर समयमै सम्पन्न गर्न पाए हुन्थ्यो ।
- कुबेलामा भएको अनुगमनले खासै अर्थ राख्दैन । केन्द्रिय योजनामा पनि ठेक्काबाट भएको कामको अनुगमन कसले गर्ने हो ? ठेक्कावाला पुष्टिने कार्य मात्र भएको छ । सिम्पानी गाविसमा सडक डिभिजनका २ वटा बाटा छन् । गत वर्ष ४० प्रतिशत पनि कार्य भएको छैन । के गर्ने हो ?

**७.श्री सोम बहादुर भण्डारी, भुलभुले ५**

- शिक्षा सेवाको नतिजा आयो । सरोकारवाला सवैलाई बैठक राखेर आवश्यकताको आधारमा सम्बन्धित विषयको विषय शिक्षक पठाउनु पर्नेमा आफूखुशी पदस्थापन भयो । आवश्यकता एउटा थियो, अर्कै विषयको शिक्षक पठाइयो । डेलिगेसन गए पनि हल भएन, पंछिने कार्य गरियो । फलस्वरुप एसएलसीको नतिजा बिग्रियो । यस्तो कमजोरी नदोहोऱ्याइयोस् ।
- भूकम्प पीडितलाई दिइएको राहात रकम सम्बन्धित पक्षले पाएन । क्षति नभएकाले पाए, पीडितले पाए । कसको कमजोरी हो ? आवश्यक कारवाही गरियोस् ।
- माथिल्लो मर्स्याङ्दी जल विद्युत परियोजना निर्माण कार्य भै रहेको छ । स्थानीयले सेयर पाउने कुरा के हो ? पाउने हो कि हैन ? स्थानीयबासीले पीरमर्का राख्दा प्रहरी प्रशासन आएर झम्टिने गऱ्या छ । सिडिओ साप, राजनीतिक दल र कर्मचारीले जवाफ दिनु पऱ्यो ।

**८.श्री विमल पौडेल, सिम्पानी ८**

- व्यापारीले नाकाबन्दीको फाइदा उठाउँदै कालोबजारी गरे । अनुगमन तथा नियन्त्रण भएन । कसले गर्ने हो ? गाडीको भाडा पनि त्यस्तै भाछ ।
- सवारी इन्धनको तेलको कुपन सर्वसाधरणले पाएनन् । निश्चित पहुँचवालाहरुले मात्रै कुपन पाउन सके । के हो ? किन सर्वसाधरणले कुपन पाउन सकेनन् ?

**९.श्री कृष्ण विक, घनपोखरा १**

- जिविसबाट बजेट विनियोजन हुँदा पक्षपात भएको छ । घनपोखरा गाविस ठगिएको छ । पर्यटन तर्फको रकम पनि घनपोखरामा परेको छैन । गत वर्ष ड्रिलिप शिर्षकमा राखिएको बजेट पनि हामीले प्राप्त गर्न सकेनौं ।  यो भरपर्दो बजेट होइन भन्ने जवाफ पाइयो । किन यस्तो हुन्छ ? यसको क्षतिपूर्ती कसले दिलाइदिने हो ?
- उपभोक्ता समितिले गर्ने काममा हैरान भइयो । घनपोखराको सडकमा प्राविधिकको कारणले धेरै दुःख पाइयो । दक्षिणा पुगेन वा चित्त बुझेन ? उपभोक्ता समितिको अध्यक्ष टाठो राख्दा बढी टाठो भयो भन्ने र सोझो राख्दा केही न केही न केहीको राख्ने ? भनेर प्राविधिकबाटै प्रश्न गरियो । जसो गर्दा पनि सुख पाइएन ।
- जिविसले पाइप आदि जस्ता स साना कुराहरु वितरण गर्दा पनि पहुँचको भरमा बाँडेको छ । हामी जस्ता सर्वसाधरणले कहिले पाउने ? कर्मचारी तथा प्रविधिकबाट वास्तविक अनुगमन गरेर भने पनि आवश्यकता परेको स्थानमा दिनु पर्‍यो ।
- आनन्ददेवी प्रावि र त्रिभुवन माविमा विषयगत शिक्षकको व्यवस्थापनमा चित्त बुझेन । अस्तव्यस्त छ । दरबन्दी मिलान चित्त बुझ्दो भएन ।

**१०. श्री हर्क बहादुर थापा, खुदी १**

- हामी ग्याँसमा,तेलमा ठगियाछौं । एउटा सिलिण्डरको ५।६ हजार लिए । अनुमगन खै ? अनुगमन बेसीशहरमा मात्रै हो कि अन्यत्र पनि गर्नु पर्छ ? आधा सिलिण्डर भनेको छ, कहिले पाउने ?
- बेसीशहर चामे सडक असाध्यै बिग्रेको छ । मर्मत पनि हुन सकेन । स्तरोन्नति पनि भएको छैन ।

**११. श्री देवी बस्नेत, खुदी १**

- गत वर्ष गाविसबाट महिला लक्षितबाट मौरी पालनको लागि रु ५० हजार विनियोजन भएको थियो । मौरीको घार वितरणको लागि कहाँ के कसरी पाइन्छ भनेर जिल्ला कृषि विकास कार्यालयमा बुझ्न गएको त हामीलाई उल्टै किन ढिलो आउनु भयो ? घार छैन भनेर झर्किएर जवाफ दिइयो । मानवीय व्यवहार किन भएन ? नरम शब्दमा भनेको भए पनि हुन्थ्यो । त्यसपपछि हामी निराश बनेर फर्कियौं र पछि अन्तैबाट बुझेर नवलपरासीमा पाइने कुरा थाहा पायौं । यस्तो व्यवहार आइन्दा नहोस् ।

**१२.श्री खगेश्वर जंग गुरुङ, घनपोखरा ५**

- जिविसले गाविसलाई अख्तियारी दिंदा पछि रकम घटेर आउँछ । किन यस्तो भएको हो ? १८ लाख भनेकोमा १५ लाख आयो । किन घटेर आयो ?
- एनसेलको टावर भुष्मेमा छ । टावर आयो तर पावर आएन । किन यस्तो भएको हो ? अर्को टावर बनाइ दिनु पर्‍यो ।
- बेसीशहर चामे सडकको बेसीशहर डादीसम्मको सडक खण्ड किन मर्मत गरेन सिनो हाइड्रोले ? ३ प्रतिशत लगानी गर्नु पर्नेमा १ प्रतिशत पनि गरेन । सवै मिलेर पिच गर्नु पर्‍यो ।
- बेसीशहर चामे सडकको चण्डीस्थानको मकैडाँडाको पहिरो नियन्त्रण कसले गर्ने हो ? जोखिममा यात्रा गरिएको छ ।

**१३.श्री टिकाराम पौडेल,सिम्पानी ८**

- बोलेको कुरा कार्यान्वयन भएन ।
- उत्तरी क्षेत्र पिछडिएको छ । यो इलाकामा बजेट कम परेको छ ।
- साँझ बिजुली बत्ति बाल्न खोज्यो, भोल्टेज नै पुग्दैन । बनाइ दिनु पर्‍यो ।
- सिम्पानी गाविस सचिवको कार्य सम्पादन सन्तोषजनक हुनै सकेन । यो त साह्रै समस्या भो ।
- शिक्षाको दरबन्दीको समस्या पनि जस्ताको तस्तै रह्यो ।
- भूकम्प पीडितले राहात कहिले पाउने ? भनि दिनु पर्‍यो ।

- योजना सञ्चालन समयमै हुनु पऱ्यो । उपभोक्ता समितिलाई तालिम दिनु पऱ्यो ।
- जल विद्युतमा सेयरको कुरा पनि कता हरायो ? सबै यस्तै यस्तै छ ।

**१४.खड्ग बहादुर गुरुङ, खुदी ६**

- बेसीशहर चामे सडक खुदी हुँदै गए पनि अहिले भुलभुले डाँदीबाट मात्रै गाडी हिंड्छन् । हाम्रो गाउँ थाकनतिर खच्चडले सामान ओसारेका छौं बाटोमा खेती गरे पनि हुने भयो । दुबै बाटोमा गाडी हिंड्ने अवस्था हुनु पऱ्यो ।
- २ वर्ष अघि साना सिंचाईको योजना परेको थियो । हेर्न आउने टिमलाई कुखुरा काट्न भनियो, काटेर खुवायौं । रकम रु ५ हजार पनि दिएको अवस्था हो । सरकारी कर्मचारीले अझै पनि काम गर्दा घुस लिने रहेछन् ।

**१५.विष्णु विष्ट, बेसीशहर नपा १४**

- बेसीशहर चामे सडकको अवस्था नाजुक हुँदै गयो । चण्डीस्थानको पहिरोमा १२० मीटर तारजाली लगाउने कुरा थियो ।
- योजनाको रकम २० प्रतिशतले घट्ने भन्ने सुनिएको छ ? के हो ?

**१६.सिद्धिजंग गुरुङ, भुलभुले ५**

- भूकम्प पीडितले घर बनाउन के गर्ने हो ?

## अनुसूची ४
## कार्यालयहरुबाट व्यक्त भएका प्रतिवद्धताहरु

१ सबै कार्यालयहरुले चुस्त दुरुस्त सेवा दिने बानीको विकास गर्ने प्रवितवद्धता जाहेर ।
२ कार्यालयहरुले प्रदान गर्ने सेवा सुविधाको बारेमा सञ्चार माध्यमबाट नागरिकलाई सुसुचित गराउने प्रतिवद्धा जाहेर ।
३.कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने क्रममा कार्यालय नै खाली हुने गरी सबै कर्मचारीलाई एकै पटक नपठाउने प्रतिवद्धता जाहेर ।
४ निमुखा तथा विपन्न वर्गको आवाज सुन्ने वानीको विकासमा सुधार गर्ने प्रतिवद्धता जाहेर ।
५.कार्यालयहरुमा भएको सुभाव पेटिका साप्ताहिक रुपमा खोली प्राप्त सुझावलाई समाधान गर्न तर्फ उन्मुख हुने प्रतिवद्धता जाहेर ।
६.कार्यालयहरुले सञ्चालन गर्नु पर्ने सार्वजनिक सुनुवाई,सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गर्ने प्रथा नभएकोले अवका दिनमा गर्ने प्रतिवद्धता जाहेर ।

### जिल्ला विकास समितिको कार्यालय लमजुङ

१. विकास निर्माण कार्य र योजनाहरु राजनीतिक व्यतित्वहरुको पहुँचको आधारमा दिने प्रथा विद्यमान छ । सवैलाई समान गर्ने प्रतिवद्धता जाहेर ।
२. विकास निर्माणको भुक्तानी लिन आउँदा कर्मचारीहरुबाट आलेटाले गरी दु ख दिने प्रथा अन्त्य गर्ने प्रतिवद्धता ।
३.कार्यालयको प्रमुख नभएको दिनमा जि.वि.स.मा सेवाग्राहीले आफ्नो काम जादा कुर्सी मात्रै देखियो । कर्मचारी कता हो कता । यसको अन्त्य गर्ने प्रतिवद्धता जाहेर
४ योजनाको अन्तिम भुक्तानी लिदा भेटी नचडाइकन रकम पाइदैंन । कम्तिमा पनि दारुपानी, माछा, मासु त भनी साध्यै छैन यो सवैले बुझेका छन तर राजनीतिक दल पनि टुलुटुलु हेरेर वसेको छ । आगमि दिनहरुमा यस्तो व्यवहार नदोहोरीने प्रतिवद्धता जाहेर ।
५. कर्मचारीहरुको उपस्थिति माघ १ गतेबाट E Attandance गर्ने प्रतिवद्धता
६. योजना प्रभावकारी रुपमाा सञ्चालन र चौमासीक अनुगमन गर्ने प्रतिवद्धता जाहेर ।
७. लगत इष्टिमेटलाई नेपालीमा रुपान्तरण गर्ने प्रतिवद्धता ।

**जिल्ला पशु सेवा कार्यालय लमजुङ**

१. किसानको लागि आएको अनुदान रकम (बाखापालन,कुखुरापालन, गाईपालन र भैसीपालन) प्रकिया पुरा गरी लिन खोज्दा पनि कर्मचारीलाई % रकम नबुझाए सम्म भूक्तानी रकम नपाइने गरेको छ। यसको अन्त्य गर्ने प्रतिवद्धता जाहेर।

२.किसानको लागि आवश्यक पर्ने पशु औषधी विउहरु समयमा नपाउदा किसानहरु मर्कामा परेको र पहुँचको आधारमा घाँसको विउ वितरण गर्ने प्रथा अन्त्य गर्ने प्रतिवद्धता जाहेर।

३.अनुदान रकम वितरणमा वास्तविक किसानले नपाएर पहुँचवाला जो अनुदान रकमको लागि किसान भएको छ वा कागजी रुपमा मात्र किसान भएको देखाएर लिने गरेको र पशु सेवा कार्यालयले पनि विना कुनै अनुगमन नगरी वास्तविक किसान होकि होइन भनी सोधखोज नगरी कागजी प्रकियाबाट मात्रै अनुदान रकम दिने गरेकोमा अगामि दिनमा वास्तविकता पहिचान गरी अघि बढ्ने प्रतिवद्धता ।

**जिल्ला कृषि विकास कार्यालय लमजुङ**

१.सक्रामक रोग फेलिएमा तुरुन्त औषधीहरुको व्यवस्था गर्ने प्रतिवद्धता

२. गुनासो, सुझाव पेटीकाको व्यवस्था गर्ने प्रतिवद्धता।

३. अनुगमन बढी प्रभावकारी बनाउने प्रतिवद्धता

४. कृषकले कृषि विकास कार्यालयबाट पाउँनु पर्ने विउ विजनको अनुदान रकम आफ्ना आसेपासेलाई प्रथामितामा राखेको र वास्तविक किसान पहिचान गर्ने प्रतिवद्धता जाहेर।

५. विउ विजन र किटानाशक औषधी आंशीक रुपमा प्राप्त भएको र जिल्ला कृषि विकास कार्यालयले सम्पूर्ण किसानहरुलाई पुग्ने गरी वितरण गर्ने प्रतिवद्धता जाहेर।

**जिल्ला शिक्षा कार्याललय लमजुङ**

१.विद्यालयमा दरवन्दी वितरण गर्दा विद्यार्थी संख्याको साथै कक्षागत शिक्षकको व्यवस्था (प्रा.वि) मिलाई शिक्षण गर्दा उपलब्धी बढने थियो। कि भूगोलोलाई समेत मध्ये नजर गर्नु पर्ने प्रतिवद्धता जाहेर।

२. सेवा ग्राहीको वास्तविक समस्या नबुझि सेवा प्रदायकले एकोहोरो बुझाइमा धम्काउने र हप्काउने गरी प्राज्ञिकहरुलाई निरुत्साहित नपार्न प्रतिवद्धता जाहेर गर्ने

३. कर्मचारी नियामित कार्यालयमा नआउदा सेवाग्राही मर्कामा परेको र एउटै कामको लागि पटक पटक धाउँन नपर्ने प्रतिवद्धता जाहेर ।

४. सेवा प्रदायक कार्यालयले समयमै तलव भत्ता वितरण गर्ने प्रतिवद्धता जाहेर।

५. सेवाग्राहीले मागेको सूचना/तथ्याङक जानकारी ठिकसँग नपाएको गुनासो पाइयो । कागजात दिन हिच्कीचावट नगर्ने तर कुन दिने नदिने भन्नेमा भने नीति नियम हेरी दिने प्रतिवद्धता जाहेर।

**जिल्ला महिला तथा बालबाािलिका कार्यालय लमजुङ**

१ विकट गाउँहरुमा महिला हिंसा सम्बन्धि कुनै कार्यक्रम सञ्चानल नगरी खाली नगरपालीका बजार क्षेत्रमा चालि तथा भेला गरी महिला हिंसा सम्बन्धि काम गचौ भन्ने गरेको अवका दिनहरुमा विकट गाउँहरुमा कार्यक्रम लाने प्रतिवद्धता जाहेर।

२. आ.व. २०७२/२०७३ को अन्तमासम्ममा अपाङग व्यक्तिहरुलाई रातो कार्ड दिने प्रतिवद्धता जाहेर।

३. विकट गाउँहरुमा अपाङ महिला, तथा बालबालिकाको यथार्थ स्थिति पत्ता लगाउने प्रतिवद्धता जाहेर।

४. अपाङग भएका व्यक्तिहरुको तथ्याङक जि.वि.स.सम्म समनय गरी दोस्रो सार्वजनीक सुनुवाईमा पुरा गर्ने प्रतिवद्धता जाहेर।

**जिल्ला वन कार्यालय लमजुङ**

१ जिल्ला लमजुङ वनै वनले ढाकेको छ। काहि कतै विरुवा रोपनु पर्नेछ। तर बर्सेनी लगायका विरुवाको संख्या देखिन्छ तर कति विरुवा बचे भन्ने तथ्याङक वन कार्यालयले २०७२/२०७३ मा प्रतिवद्धता जाहेर।

२. जडिबुटीको ओसार पसार रातारात हुन्छ त्यसको लागि गोप्य रुपमा हेरालुहरुको व्यवस्था गरिने प्रतिवद्धता जाहेर।

# अनुसूची ४
## राजनीतिक दलहरुबाट राखिएका भनाइहरु

### आनन्द घिमिरे, सचिव नेपाली कांग्रेस लमजुङ

- अपांगता परिचय पत्र वितरणको लागि महिला तथा बालबालिका कार्यालयले फिल्डस्तरमा घरदैलो कार्यक्रम सञ्चालन गर्नु पर्छ ।
- कृषि अनुदानको रकम गैर कृषकले पाएको भेटिएको छ । त्यस्तो हुनु भएन ।
- विगत वा अघिल्लो पटक भएको सार्वजनिक सुनुवाईमा उठेका सवालहरु के के पुरा भए ? समीक्षा गरेर मात्र यो सार्वजनिक सुनुवाईको उठान हुनु पर्ने हो ।
- ७ नं इलाकाले राष्ट्रकवि, भक्ति थापा, हर्क गुरुङको विरासतलाई सम्झेर उच्च मनोवलका साथ अघि बढ्न सक्छ ।
- पर्यटन र जलश्रोत अनि जडीबुटीको हिसावले यो क्षेत्र अघि नै छ ।
- हामी सवै विच एकताबद्ध भएर अघि बढ्नु पर्छ ।
- सार्वजनिक सुनुवाईमा उठको सवालहरु सम्बोधन हुनु पर्छ ।

### जित बहादुर गुरुङ, क्षेत्रीय अध्यक्ष, नेकपा एमाले लमजुङ

- सिनो हाइड्रोमा सेयरको विषयलाई लिएर हामी काठमाण्डौसम्म धाएर प्रयास गरेका छौं ।
- जलविद्युत परियोजनाबाट यो क्षेत्रमा रोजगारी सिर्जना भएर कति जनताहरुको जिवनस्तरमा कायापलट भएको छ ।
- विकासको लागि आवश्यक सहयोग र साथ दिन हाम्रो पार्टी सदैव तयार छ ।

### मधु अधिकारी, सचिव एनेकपा माओवादी लमजुङ

- सेवाग्राहीहरुबाट आएका सुझावहरु कार्यान्वयन होस् ।
- हामीले लक्षिततर्फका कार्यक्रम कार्यान्वयन गरिसके पछि विस्तृतरुपमा समीक्षा गर्नु पर्छ ।
- भ्रष्टाचार र ढिलासुस्तीलाई हामीले हटाउनै पर्छ ।

### मोहनहरि पौडेल, इन्चार्ज नेकपा माओवादी, लमजुङ

- हामी भ्रष्ट कर्मचारी चिनाउँछौं र लिएर आउँछौं । के प्रशासनले कारवाही गर्न सक्छ ?
- घुस लिने मात्रै भ्रष्टचारी होइन, घुस खुवाउने पनि भ्रष्टचारी हो । किन कुखुरा काटी काटी खुवाउनु भयो त ?
- जति जे जे भने पनि जति जे जे गरे पनि कर्मचारी तहमा भ्रष्टचार मौलाउँदै गएको छ ।
- सुशासनको लागि हामीले अझै धेरै काम गर्न बाँकी नै छ ।

अनुसूची ५ :

मिति २०७२।७।१८ मा भुलभुलेमा गरिएको

सार्वजनिक सुनुवाई कार्यक्रमका तस्वीरहरू











आचार संहिता
सार्वजनिक सुनुवाई कार्यक्रम


सार्वजनिक सुनुवाई कार्यक्रम